# राष्ट्रिय सहकारी महासंघ लि. नेपाल
# को

## विनियम २०५०

(संसोधन सहित)

# राष्ट्रिय सहकारी महासंघ लि. नेपाल को

## विनियम २०५०

| | |
|---|---|
| १) पहिलो संशोधन | मिति: २०५६ कार्तिक १६ गते |
| २) दाश्रो संशोधन | मिति: २०५८ भाद्र १ गते |
| ३) तेस्रो संशोधन | मिति: २०६२ मंसिर ३ गते |
| ४) चौथो संशोधन | मिति: २०६६ भाद्र ८ गते |
| ५) पाँचौ संशोधन | मिति: २०७० वैशाख ४ गते |
| ६) छैठौ संशोधन | मिति: २०७६ भाद्र १५ गते |
| ७) सातौ संशोधन | मिति: २०७९ कार्तिक २ गते |

# राष्ट्रिय सहकारी महासंघ लि. नेपालको

# विनियम २०५० (संसोधन समेत)

"विश्व मान्यता प्राप्त सहकारी मूल्य र सिद्धान्त अनुसार सहकारी संघ/संस्थालाई पारस्परिक सहयोग र स्वालम्वनको भावना अनुरुप सुसाशित वनाउदैं अभियानलाई दिगो वनाउन एवं सदस्य संघ/संस्थाहरूको व्यवसायिक प्रवर्द्धनका लागि महासंघलाई सवल र नेतृत्वदायी वनाउन वान्छनीय भएकाले" सहकारी ऐन, २०७४ को दफा १० मा व्यवस्था भएअनुरुप राष्ट्रिय सहकारी महासंघले यो विनियम वनाएको छ।"

**१) नाम र ठेगाना :**

(क) यस महासंघलाई "राष्ट्रिय सहकारी महासंघ लि. नेपाल" भनिने छ। अंग्रेजीमा यसलाई National Cooperative Federation Ltd of Nepal भनिने छ। छोटकारीमा नेपालीमा रा.स.महासंघ तथा अंग्रेजीमा NCF भनिन्छ। ❁

ख) यस महासंघको प्रधान कार्यालय ललितपुर महानगरपालिका वडा नं. ३ हरिहरभवन, पूल्चोक, ललितपुर रहनेछ। ठेगानामा कुनै परिवर्तन भएमा सो को सूचना रजिष्ट्रारलाई दिइने छ। ❁

**२) कार्यक्षेत्र :**

यस महासंघको कार्यक्षेत्र नेपाल राष्ट्रभर हुनेछ। ❋

**३) परिभाषा :**

बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विनियममा :–

(क) "ऐन" भन्नाले सहकारी ऐन, २०७४ सम्झनु पर्दछ। ❁

(ख) "नियम" भन्नाले सहकारी नियमावली, २०७५ सम्झनु पर्दछ। ❁

(ख१) "विनियम" भन्नाले राष्ट्रिय सहकारी महासंघ लि. नेपालको विनियम २०५० (संशोधन सहित) सम्झनु पर्दछ। ❁❁

(ग) "महासंघ" भन्नाले राष्ट्रिय सहकारी महासंघ लि. नेपाल सम्झनु पर्दछ। ❁

(घ) "केन्द्रिय संघ" भन्नाले ऐनको दफा ८ वमोजिम दर्ता भएको केन्द्रीय विषयगत सहकारी संघ सम्झनु पर्दछ। ❁

(घ१) "प्रदेश संघ" भन्नाले ऐनको दफा ७ वमोजिम दर्ता भएको प्रदेश सहकारी संघ सम्झनु पर्दछ। ❁❁

(घ२) "प्रदेश विषयगत संघ" भन्नाले ऐनको दफा ६ वमोजिम दर्ता भएको प्रदेश विषयगत सहकारी संघ सम्झनुपर्दछ। ❁❁

(ङ) "जिल्ला संघ" भन्नाले ऐनको दफा ५ वमोजिम दर्ता भएको जिल्ला सहकारी संघलाई सम्झनु पर्दछ। ❁

(च) "जिल्ला बिषयगत संघ" भन्नाले ऐनको दफा ४ वमोजिम दर्ता भएको जिल्ला बिषयगत सहकारी संघलाई सम्झनु पर्दछ। ❁

(छ) "संस्था" भन्नाले ऐनको दफा ३ वमोजिम दर्ता भएको विषयगत वा वहुउद्देश्यीय सहकारी संस्था सम्झनु पर्दछ। ❁

---

❋ मिति २०७०/१/४ मा संशोधित

❁ मिति २०७६/०५/१५ मा संशोधित

❁❁ मिति २०७६/०५/१५ मा संशोधनद्वारा थप

✣ मिति २०७९/०७/०२ मा संशोधित



राष्ट्रिय सहकारी महासंघ लि. नेपाल २०५०

(ज) "सदस्य" भन्नाले विनियम ६ वमोजिम महासंघको सदस्यता प्राप्त गरेका केन्द्रीय संघ, राष्ट्रिय सहकारी बैंक, प्रदेश संघ, प्रदेश विषयगत तथा वहुउद्देश्यीय संघ, जिल्ला संघ, जिल्ला बिषयगत तथा वहुउद्देश्यीय संघ, संस्था र अन्य निकायहरू सम्झनु पर्दछ। ❁

(ज१) "सहकारी बैंक " भन्नाले ऐनको दफा १२ वमोजिम दर्ता भएको सहकारी बैंक सम्झनुपर्दछ। ❁❁

(ज१क) "सहयोगी सदस्य" भन्नाले महासंघको विनियम ६ उपविनियम १ (ज) वमोजिम महासंघको सदस्यता लिएका संघ/संस्था सम्झनुपर्दछ। ✣✣

(ज२) "विशिष्ट्रीकृत संघ" भन्नाले ऐनको दफा ९ वमोजिम दर्ता भएको विशिष्ट्रीकृत सहकारी संघ सम्झनुपर्दछ। ❁❁

(झ) "राष्ट्रिय प्रतिनिधि" भन्नाले विनियम १८ वमोजिमका प्रतिनिधिहरूलाई सम्झनु पर्दछ। ❁❁

(ञ) "साधारण सभा" भन्नाले विनियम १८ अनुसार गठन भएको महासंघको साधारण सभालाई सम्झनु पर्दछ। ❁

(ड) "संञ्चालक" भन्नाले सञ्चालक समितिको सदस्य सम्झनु पर्दछ र सो शव्दले अध्यक्ष लगायत पदाधिकारी समेतलाई जनाउनेछ। ❁

(ढ) "अध्यक्ष" भन्नाले महासंघको संचालक समितिको अध्यक्ष सम्झनु पर्दछ। ❁

(ढ१) "पदाधिकारी" भन्नाले महासंघका अध्यक्ष, वरिष्ठ उपाध्यक्ष र उपाध्यक्ष सम्झनुपर्दछ। र सो शव्दले लेखा सुपरिवेक्षण समितिका संयोजकलाई समेत बुझाउनेछ। ❁

(ण) ❁❁❁

(त) "महाप्रवन्धक" भन्नाले समितिले राष्ट्रिय सहकारी महासंघ लि. नेपालको कार्यालय प्रमुखको रूपमा काम गर्न नियुक्त गरेको व्यक्तिलाई सम्झनु पर्दछ। ❁

(थ) "रजिष्ट्रार" भन्नाले ऐनको दफा ९२ अनुसार नियुक्त रजिष्ट्रार सम्झनु पर्दछ। ❁

## ४) उद्देश्य :

(क) सहकारी सघ/संस्थाको प्रवर्द्धन तथा विकास गर्दै अभियानलाई सुशासित, सवल, सक्षम र दिगो वनाउने, ❁

(ख) ❁❁❁

(ग) ❁❁❁

(घ) ❁❁❁

(ङ) सहकारीका मूल्य, मान्यता तथा सिद्धान्तको सम्वर्द्धन तथा प्रवर्द्धन गरी सहकारी संस्कृतिको विकास गर्ने, ❁

(च) ❁❁❁

(छ) तीनखम्वे अर्थनीति अनुरूप सहकारी क्षेत्रलाई एक सवल आर्थिक क्षेत्रको मेरूदण्डको रूपमा स्थापित गर्ने, ❁

(ज) सहकारी व्यवसायमार्फत कृषि तथा गैह्कृषि उत्पादन, प्रशोधन र वजारीकरण तथा औद्योगिकरणको विकास र प्रवर्द्धनमा सहयोग पुऱ्याउने। ❁

(ज१) सवै सहकारी संघ/संस्थालाई ऐक्यवद्ध वनाउँदै सहकारी अभियानलाई सशक्त वनाउने, ❁❁

(ज२) सहकारी अभियानको नेतृत्वदायि भूमिका निर्वाह गर्दै राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा प्रतिनिधित्व गर्ने, ❁❁

---

❁ मिति २०७६/०५/१५ मा संशोधित

❁❁ मिति २०७६/०५/१५ मा संशोधनद्वारा थप

❁❁❁ मिति २०७६/०५/१५ को संशोधनद्वारा हटाइएको

✣✣ मिति २०७९/०७/०२ मा संशोधनद्वारा थप

५)	कार्यहरू :

१) सहकारीका मूल्य, मान्यता र सिद्धान्तको परिपालना गर्ने, गराउने, ✽
२) सदस्यको हित प्रवर्द्धनका लागि नेतृत्वदायी भूमिका निर्वाह गर्ने, ✽
३) सहकारी क्षेत्रको प्रवर्द्धनका लागि नेपाल सरकारका विभिन्न निकायसंग समन्वय र सहकार्य गर्ने, ✽✽
४) सहकारी व्यवसाय प्रवर्द्धनका लागि व्यवसायिक तथा वजार अध्ययन अनुसन्धान गर्ने, गराउने, ✽✽
५) शिक्षा, तालिम र सूचना प्रदान गर्ने गराउने, ✽✽
६) वजार सूचना प्रणालीको विकास गर्ने, ✽✽
७) संस्था र संघहरू वीचको पारस्परिक सहयोगमा अभिवृद्धि गर्ने, गराउने, ✽✽
८) अन्तर्राष्ट्रिय सहकारी अभियानमा पारस्परिक सहयोग अभिवृद्धि गर्ने, समन्वय र सम्वन्ध विस्तार गर्ने, ✽✽
९) सहकारी क्षेत्रमा सुशासन प्रवर्द्धन गर्ने, ✽✽
१०) सहकारी अभियानको सूचना तथा तथ्यांक संकलन, प्रशोधन, प्रकाशन गर्ने र अन्य प्राविधिक सेवा पुर्‍याउने, ✽✽
११) सहकारी अभियानको प्रवर्द्धनका लागि अध्ययन सामाग्रीहरू प्रकाशित गर्ने, ✽✽
१२) सहकारी संघ/संस्थाको संस्थागत तथा व्यवस्थापकीय क्षमता अभिवृद्धिका लागि नविन प्रविधिको प्रयोग गर्ने गराउने, ✽✽
१३) सहकारी क्षेत्रको प्रवर्द्धन र विकासका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विकास साझेदार संस्था तथा दातृ निकायहरूसंगको सहकार्य र समन्वयमा विभिन्न परियोजनाहरू संचालन गर्ने, ✽✽
१४) सहकारी संघ/संस्थामार्फत कृषि सामाग्रीहरू, यन्त्र उपकरण र उपभोग्य वस्तुहरूको सहज आयात तथा आपूर्ति र उत्पादित वस्तुहरूको मूल्य श्रृखला अभिवृद्धिका लागि प्रशोधन तथा वजारीकरणमा सहयोग पुर्‍याउने, ✽✽
१५) सहकारी संघ/संस्था तथा अन्य निकायहरूसंगको सहकार्यमा कृषिजन्य तथा गैह्र कृषिजन्य उद्योगहरू सन्चालन गर्ने गराउने, ✽✽
१६) सहकारी संघ/संस्थाहरूको व्यवसाय वृद्धिका लागि रणनीतिक तथा व्यवसायिक योजना तर्जुमा तथा कार्यान्वयनमा परामर्श उपलब्ध गराउने, ✽✽
१७) सहकारी संघ/संस्थाहरूमा वित्तीय अनुशासन कायम गराउन आन्तरिक लेखा परीक्षण कार्यमा सहयोग पुर्‍याउने तथा संघ/संस्थाहरूको अनुगमन तथा मूल्यांकन गरी सुझाव दिने, ✽✽
१८) सहकारी संघ/संस्थामा कार्यरत कर्मचारीहरूको सेवा शर्त, सुविधा र बृत्ति विकासमा सहयोग पुर्‍याउने, ✽✽
१९) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा सहकारी अभियानको प्रतिनिधित्व गर्ने, ✽✽
२०) सहकारी संघ/संस्था तथा सदस्यहरूले उत्पादन गरेको वस्तुको स्वदेश तथा विदेशमा बजार व्यवस्थापन गर्ने गराउने, ✽✽
२१) सहकारी क्षेत्रमा लैंगिक तथा युवाहरूको सहभागिताका लागि विभिन्न कार्यक्रमहरू संचालन गर्ने गराउने, ✽✽
२२) सहकारी क्षेत्रमार्फत वातावरणीय संरक्षण, वैकल्पिक उर्जा प्रविधिहरूको प्रवर्द्धन तथा पर्यटन प्रवर्द्धन गर्ने गराउने, ✽✽
२३) लक्षित वर्गका लागि संचालित विभिन्न कोषहरू परिचालन गर्ने गराउने तथा लघुवित्त प्रवर्द्धन गर्ने गराउने, ✽✽
२४) सहकारी संघ/संस्थाको लेखा परिक्षण गर्ने गराउने कार्यमा भूमिका निर्वाह गर्ने,

---

✽✽ मिति २०७६/०५/१५ मा संशोधनद्वारा थप

२५)	सहकारी संघ/संस्थाको व्यवसायिक सुदृढीकरणका लागि एकीकरण गर्न प्रोत्साहन तथा सहयोग पुऱ्याउने, ✿✿

२६)	प्राकृतिक विपदका समयमा सहकारी संघ/संस्थालाई परिचालित गर्ने, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ/संस्थासंग सहयोग आदानप्रदान गर्ने तथा कोष परिचालन गर्ने, ✿✿

२७)	सदस्य संघहरूलाई व्यवसायिक वनाउदै सवल र सक्षम वनाउन प्रवर्द्धनात्मक क्रियाकलापहरु संचालन गर्ने, ✣✣

२८)	सहकारीका शैक्षिक क्रियाकलापहरु संचालन गर्ने, ✣✣

२९)	उत्पत्तिको प्रमाणपत्र जारी गर्ने गराउने, ✣✣

३०)	सहकारी संघ/संस्थाहरुको व्यवसाय प्रवर्द्धनका लागि कार्यहरु गर्ने, ✣✣

३१)	सदस्य संघ/संस्थालाई आवश्यक प्रविधियुक्त डिजिटल सेवा प्रवाह गर्ने गराउने, ✣✣

३२)	विशिष्टीकृत सहकारी संघ प्रवर्द्धन तथा व्यवसायमा लगानी गर्ने, ✣✣

## ६.	सदस्यता

१.	महासंघमा देहाय बमोजिमका सदस्यहरू रहन सक्नेछन् : ✿

क)	सहकारी ऐन २०७४ अन्तर्गत दर्ता भएका विषयगत तथा वहुउद्देश्यीय केन्द्रिय सहकारी संघ, राष्ट्रिय सहकारी बैंक, प्रदेश सहकारी संघ, विषयगत तथा वहुउद्देश्यीय प्रदेश सहकारी संघ, जिल्ला सहकारी संघ र विषयगत तथा वहुउद्देश्यीय जिल्ला सहकारी संघ। ✿

ख)	नेपाल सरकार वा नेपाल सरकारको स्वामित्वमा रहेका संस्था वा निकाय, ❋

ग)	#

घ)	#

ङ)	#

च)	#

छ)	✿✿✿

(ज)	सहयोगी सदस्य **(Associate Member)** को रूपमा विशिष्टिकृत सहकारी संघ तथा अन्य सहकारी संघ/संस्थाहरूलाई पनि संचालक समितिले तोकीएको मापदण्ड पुरा गरेकालाई सदस्यता दिन सक्नेछ। तर त्यस्ता सदस्यहरूको मताधिकार हुने छैन। ✿

२.	महासंघको सदस्यता लिनको लागि खरीद गर्ने शेयरको रकम र प्रवेश शुल्क समितिले तोकेको बैंक खातामा जम्मा गरेको भौचर संलग्न गरी समितिले तोकेको ढांचामा समिति समक्ष निवेदन दिनु पर्नेछ। ✿

३.	उपविनियम (२) वमोजिम पर्न आएको निवेदनमा समितिले आवश्यक जाँचवुझ गरी सदस्यता दिने वा नदिने निर्णय गर्ने छ।

४.	समितिले सदस्यता नदिने निर्णय गरेमा साधारण सभामा पुनरावेदन गर्न सकिने छ र यस सम्वन्धमा साधारणसभाको निर्णय अन्तिम हुनेछ।

५.	कुनै कारणवश महासंघको सदस्यता समाप्त भएको सदस्यले पून: सदस्यता प्राप्त गर्न चाहेमा सदस्यता समाप्त भएको मितिले तीन वर्षपछि मात्र सदस्यताको लागि आवेदन दिन सक्नेछ। ✣

---

# २०५६/७/१६ को संशोधनद्वारा हटाइएको
❋ मिति २०७०/१/४ मा संशोधित
✿ मिति २०७६/०५/१५ मा संशोधित
✿✿ मिति २०७६/०५/१५ मा संशोधनद्वारा थप
✿✿✿ मिति २०७६/०५/१५ को संशोधनद्वारा हटाइएको
✣ मिति २०७९/०७/०२ मा संशोधित
✣✣ मिति २०७९/०७/०२ मा संशोधनद्वारा थप

राष्ट्रिय सहकारी महासंघ लि. नेपाल २०५०

७. **प्रवेश शुल्क :**

महासंघको सदस्यता लिनको लागि प्रवेश शुल्क वापत रु १,०००। वुझाउनु पर्ने छ र प्रवेश शुल्कको रकम फिर्ता हुने छैन । ✿

८. **सदस्यताको अन्त्य :**

महासंघका सदस्यता देहायको अवस्थामा अन्त्य हुने छ । ✿

१) सदस्यको दर्ता खारेज वा विघटन भएमा,

२) विनियम ९ वमोजिम समिति समक्ष पेश गरेको लिखित राजीनामा स्वीकृत भएमा,

३) विनियम १० वमोजिम निष्काशन भएमा ,

४) विनियममा भएको व्यवस्था वमोजिम सम्पूर्ण शेयर हस्तान्तरण गरेमा वा शेयर पूंजी फिर्ता लिएमा ।

५) समितिले तोकेको अवधि भित्र शेयरको रकम चुक्ता नगरेमा । ❑

६) ##

७) संघहरुविच एकीकरण भएमा✣

९. **सदस्यतावाट राजीनामा**

१) विनियम ८(२) वमोजिम सदस्य संघ वा विषयगत तथा वहुउद्देश्यीय संघ वा प्रदेश संघ वा विषयगत तथा वहुउद्देश्यीय प्रदेश संघ वा राष्ट्रिय सहकारी बैंक वा विषयगत तथा वहुउद्देश्यीय केन्द्रीय संघले राजीनामा पेश गर्दा सदस्यता छोडने भनी आफ्नो साधारण सभाले गरेको निर्णयको प्रतिलिपि पनि संलग्न गर्नु पर्नेछ । ✿

२) यदि सदस्यले महासंघवाट लिएको ऋण वा कुनै रकम चुक्ता गर्न वांकी रहेछ भने त्यस्तो सदस्य र त्यस्तो सदस्यको जमानत वस्ने सदस्यले महासंघवाट राजीनामा गर्न पाउने छैन । ✿

३). विनियम ८(२) वमोजिम सदस्यता त्याग गर्ने निर्णय स्वीकृत भएमा त्यसरी स्वीकृति भएको मितिको लगत्तैपछि वसेको साधारण सभा सम्पन्न भएको मितिले तीन महिनाभित्र त्यस्तो सदस्यको शेयर रकम हिसाव गरी फिर्ता दिइनेछ । ✿

१०) **सदस्यको निष्काशन :**

१) समितिले विस्तृत छानविन पछि कुनै सदस्यले निम्न काम कार्यवाहि गरेको पाइएमा त्यस्तो सदस्यलाई समितिका कुल संख्याको दुई तिहाई वहुमतले निष्काशन गर्न सक्ने छ ।

(क) महासंघको उद्देश्य विपरित हुने गरी जानाजानी कुनै कार्य गरेको प्रमाणित भएमा, ✿

(ख) महासंघको विनियम वारम्वार उल्लंघन गरेमा, ✿

(ग) विनियम १२ वमोजिम महासंघलाई वुझाउनु पर्ने बार्षिक सेवा शुल्क लगातार तिन वर्ष सम्म नवुझाएमा । *

(घ) सहकारी मूल्य मान्यता र सिद्धान्तको विपरित कार्य गरेको प्रमाणित भएमा । ❖

(ङ) निर्धारित समयमा साधारण सभा सम्पन्न नगरेमा । ✿✿

(च) महासंघलाई वार्षिक प्रतिवेदन वुझाउनुपर्ने नवुझाएमा । ✿✿

---

* मिति २०५८/०५/०१ मा संशोधित

## मिति २०६६/०५/०८ मा संशोधनद्वारा हटाइएको

❖ मिति २०६६/०५/०८ मा संशोधित

❑ मिति २०६६/०५/०८ मा संशोधनद्वारा थप

✿ मिति २०७६/०५/१५ मा संशोधित

✿✿ मिति २०७६/०५/१५ मा संशोधनद्वारा थप

✣ मिति २०७९/०७/०२ मा संशोधित

राष्ट्रिय सहकारी महासंघ लि. नेपाल २०५०

२. सदस्यको निष्कासन गर्नु अघि समितिले सम्वन्धित सदस्यलाई आफुलाई लागेको आरोपको सम्वन्धमा स्पष्टीकरण दिने वा त्यस्तो आरोपको खण्डन गर्न आवश्यक कागजात आदि प्रस्तुत गर्न ३५ दिनको म्याद दिनु पर्नेछ । तर छानविनको क्रममा समितिले सम्वन्धित सदस्यलाई महासंघवाट कुनै सेवा वा सुविधा उपलब्ध गर्न नपाउने गरी तिन महिनासम्म वन्देज लगाउन सक्नेछ । ✿

३. उपविनियम (१) र (२) अनुसारको निर्णय उपर चित्त नवुझेमा सम्वन्धित सदस्यले साधारण सभामा पुनरावेदन गर्न सक्ने छ र यस सम्वन्धमा साधारण सभाको वहुमतले गरेको निर्णय अन्तिम हुनेछ ।

## ११. कोषको व्यवस्था

महासंघको कोष निम्न श्रोतहरूवाट खडा गरिने छ । ✿

१) प्रवेश शुल्क,
२) शेयर पूंजी,
३) सदस्यहरूवाट संकलित वचत,
४) नेपाल सरकार वा अन्य राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ सस्थाहरूवाट प्राप्त हुने आर्थिक सहायता, अनुदान वा दान दातव्य, ❖
५) सदस्य संघ/सस्थावाट प्राप्त हुने सेवा शुल्क,
६) कारोवारवाट प्राप्त बचत,
७) वित्तिय संस्था तथा अन्य संस्थाहरूवाट प्राप्त हुने ऋण,
८) ऋणपत्र विक्री वाट प्राप्त हुने रकम,
९) महासंघले प्रचलित कानुन वमोजिम आर्जन गरेको सवै किसिमका आम्दानीहरू । ✿
१०) सहकारी प्रवर्द्धन कोषबाट प्राप्त हुने रकम ✣

## १२. बार्षिक शुल्क वुझाउनु पर्ने :

प्रत्येक सदस्य संघ/बैंकको बार्षिक सदस्यता शुल्क देहाय वमोजिम कायम गरिएको छ ।✣

१) प्रत्येक सदस्यले सदस्यता शुल्क वापत वार्षिक न्यूनतम रू. ५,०००/ महासंघलाई वुझाउनुपर्नेछ । ✣
२) सदस्य संघहरूले वार्षिक सेवा शुल्क वुझाउदा अनिवार्य रूपमा वार्षिक लेखा परिक्षण प्रतिवेदन महासंघलाई बुझाउनुपर्नेछ । ✿
२क) उपविनियम १ का अतिरिक्त देहायका कूल पूँजी तथा दायित्व भएका सदस्य संघ/बैंकका हकमा निम्न वमोजिम थप वार्षिक सेवा शुल्क वुझाउनुपर्नेछ । ✣✣
   क) १ करोडदेखि १० करोडसम्म कूल पूँजी तथा दायित्व भएका सदस्य संघको हकमा रू. ८ हजार ✣✣
   ख) १० करोडदेखि ५० करोडसम्म कूल पूँजी तथा दायित्व भएका सदस्य संघको हकमा रू. ४० हजार ✣✣
   ग) ५० करोडदेखि १ अर्वसम्म कूल पूँजी तथा दायित्व भएका सदस्य संघको हकमा रू.७५ हजार, ✣✣
   घ) रु. १ अर्वदेखि २० अर्वसम्म कूल पूँजी तथा दायित्व भएका सदस्य संघको हकमा रू. ३ लाख ५० हजार, ✣✣
   ङ) २० अर्व भन्दामाथि जतिसुकै कूल पूँजी तथा दायित्व भएपनि रु. ५ लाख ✣✣
३) वाार्षिक सदस्यता शुल्क महासंघको वार्षिक साधारण सभा अगाडि वुझाई सक्नुपर्नेछ । साधारण सभा अगावै सदस्यता शुल्क नवुझाउने संघ/बैंकका प्रतिनिधिले साधारण सभामा भाग लिन पाउन छैनन् । ✿

---

✿ मिति २०७६/०५/१५ मा संशोधित
✣ मिति २०७९/०७/०२ मा संशोधित
✣✣ मिति २०७९/०७/०२ मा संशोधनद्वारा थप

राष्ट्रिय सहकारी महासंघ लि. नेपाल २०५० 

४)	वार्षिक रूपमा रू. १ अर्वभन्दा वढी पूँजीगत दायित्व भएका सहयोगी सदस्यले वार्षिक सदस्यता शुल्क वापत रू १,००,०००/ महासंघलाई वुझाउनुपर्नेछ । सहयोगी सदस्य संघ/संस्थाका प्रतिनिधिहरूले पर्यवेक्षकका रूपमा साधारण सभामा भाग लिन पाउनेछन् । ✣

**१३. शेयर पूजी :**

१)	राष्ट्रिय सहकारी महासंघको अधिकृत पूजी रू पचास करोड हुनेछ । ✿

२)	महासंघको शेयरको मूल्य प्रति शेयर रू. १००/ हुनेछ । ✿

३)	सदस्य संघ संस्थाले कम्तीमा १०० कित्ता शेयर खरिद गर्नुपर्नेछ । तर सहयोगी सदस्यको हकमा भने कम्तीमा ३००० कित्ता शेयर खरिद गर्नुपर्नेछ । हाल शेयर रकम भन्दा कम शेयर खरिद गरेका सहयोगी सदस्यहरुको हकमा १ वर्षभित्र तोकिएको शेयर खरिद गरी सक्नुपर्नेछ । ✣

**१४. शेयर प्रमाण पत्र :**

सदस्यलाई महासंघको छाप लागेको अनुसूची १ वमोजिमको ढाँचामा प्रमाण-पत्र दिइने छ । त्यस्तो प्रमाण-पत्र कुनै कारणवाट हराएमा वा फाटेमा रू १,०००।– तिरी अर्को प्रमाण पत्र प्राप्त गर्न सकिने छ । ✿

**१५. शेयरको हस्तान्तरण वा फिर्ता :**

१.	कुनै सदस्यले आफ्नो सदस्यता हस्तान्तरण गर्न चाहेमा महासंघको सदस्य वा यस विनियम वमोजिम सदस्य हुन पाउने योग्यता पुगेको सदस्यलाई हस्तान्तरण गर्न सक्नेछ । तर शेयर हस्तान्तरण गर्न समितिको स्वीकृति आवश्यक पर्नेछ । ✿

२.	कुनै सदस्य निष्काशित भएमा निजले शेयर वापत पाउनु पर्ने रकम विनियम ९(३) अनुसार फिर्ता पाउने छ ।

३.	महासंघमा नेपाल सरकारले तथा अन्य निकायहरूले लगानी गरेको शेयर रकम महासंघले क्रमिक रूपमा फिर्ता गर्दै लान सकिने छ । ✿

**१६. दायित्व सीमित हुने**

सदस्यहरूको दायित्व खरीद गरेको शेयरको रकमसम्म सीमित रहनेछ ।

**१७. प्रारम्भिक साधारण सभा :**

१)	महासंघको प्रारम्भिक साधारण सभा ३० दिनको सूचना दिई दर्ता भएको तिन महिना भित्र वोलाइने छ । यस्तो सभाको गणपुरक संख्या ५० प्रतिशत भन्दा वढी हुनु पर्नेछ । ✿

२)	उप विनियम (१) वमोजिम महासंघको प्राम्भिक साधारण सभा वोलाइएको छैन भनि सो महासंघको कुनै सदस्यले रजिष्ट्रार समक्ष दरखास्त दिएमा रजिष्ट्रार वा निजवाट अधिकार प्राप्त अधिकारीले प्रारम्भिक साधारण सभा वोलाउन सक्ने छ । यसरी दरखास्त नपरेमा पनि उपविनियम (१) मा लेखिएको म्याद गुज्रेको मितिले ३५ दिनभित्र रजिष्ट्रार वा निजबाट अधिकार प्राप्त अधिकारीले त्यस्तो सभा वोलाउन सक्ने छ । ✿

३)	प्रारम्भिक साधारण सभाको अध्यक्षता समितिको अध्यक्षले, निजको अनुपस्थितिमा उपस्थित प्रतिनिधिहरूमध्येवाट छानिएका सदस्यले गर्नेछ ।

४)	प्रारम्भिक साधारण सभाले देहायका कार्यहरू गर्नेछ ।

(क)	अघिल्लो दिनसम्म महासंघले गरेको काम कार्यवाहिको हर हिसावको जानकारी लिई अनुमोदन गर्ने । ✿

(ख)	संचालक तथा लेखा सुपरिवेक्षण समितिको निर्वाचन गर्ने ।

---

✿ मिति २०७६/०५/१५ मा संशोधित

✣ मिति २०७९/०७/०२ मा संशोधित

राष्ट्रिय सहकारी महासंघ लि. नेपाल २०५०

पेज नं. ७ देखि २२ सम्म

(ग) महासंघको कार्य संन्चालन सम्वन्धि नीति, निर्देशिका र कर्मचारी प्रशासन नियमहरू, आर्थिक प्रशासन नियमहरू तर्जुमा गर्ने र सो को अनुमोदन गर्ने । ✿

(घ) आगामी कार्यक्रम तथा नीति तय गर्ने ।

**१८. साधारण सभा :**

१. महासंघको साधारण सभामा देहायका प्रतिनिधिहरू रहने छन् :✿

(क) सदस्य विषयगत तथा वहुउद्देश्यीय केन्द्रीय संघ, राष्ट्रिय सहकारी बैंक, प्रदेश सहकारी संघ, विषयगत तथा वहुउद्देश्यीय प्रदेश संघ र जिल्ला सहकारी संघ र जिल्ला विषयगत तथा वहुउद्देश्यीय संघहरूबाट छानिएका राष्ट्रिय प्रतिनिधिहरू ✿

ख) उपविनियम क वमोजिम सदस्य संघहरूले प्रतिनिधि पठाउदा सदस्य संख्याको आधारमा देहायका संख्यामा राष्ट्रिय प्रतिनिधि तोकि पठाउनुपर्नेछ । ✣✣

१) ५०० सम्म सदस्य संख्या भएमा १ जना ✣✣

२) ५०१ देखि १ हजारसम्म सदस्य संख्या भएमा २ जना ✣✣

३) १००१ देखि २ हजारसम्म सदस्य संख्या भएमा ३ जना ✣✣

४. २००१ देखि ३ हजारसम्म सदस्य संख्या भएमा ४ जना ✣✣

५. ३००१ देखिमाथि जतिसुकै सदस्य संख्या भएमा ५ जना ✣✣

ग) उपविनियम १(ख) ३, ४ र ५ वमोजिम राष्ट्रिय प्रतिनिधि तोकि पठाउदा सम्वन्धित सदस्य संघ/बैंकबाट महिला ३३ प्रतिशत सहित राष्ट्रिय प्रतिनिधि छनौट गरी पठाउनुपर्नेछ । ✣✣

घ) उपविनियम १(ख) वमोजिम राष्ट्रिय प्रतिनिधि तोकि पठाउदा मताधिकार प्रयोग गर्ने राष्ट्रिय प्रतिनिधि समेत तोकि पठाउनुपर्नेछ । ✣✣

ङ) उपविनियम १(घ) वमोजिम तोकिएको राष्ट्रिय प्रतिनिधि मात्र निर्वाचनमा उम्मेदवार बन्न पाउनेछन् । ✣✣

(च) ##

(छ) ##

(ज) ##

(झ) ✡

२. साधारण सभामा प्रतिनिधिको नियुक्ति गरी पठाउदा सम्वन्धित संघ/संस्थाको संचालक समितिको निर्णयको प्रतिलिपि साथ नियुक्त प्रतिनिधिको अवधि तोकि समितिलाई जानकारी दिनु पर्नेछ । अवधि तोकिएको प्रतिनिधिले आफ्नो संस्थाको सदस्यता त्याग नगरून्जेलसम्म वा समितिले अर्को निर्णय नगरून्जेलसम्म पूरा अवधिसम्म प्रतिनिधित्व गर्नुपर्नेछ । तर राष्ट्रिय प्रतिनिधि महासंघको संचालक तथा लेखा सुपरिवेक्षण समितिमा निर्वाचित भएमा निजको संचालक तथा लेखा सुपरिवेक्षण समितिको पद विनियममा तोकीएको अवधिसम्म कायम रहनेछ । सदस्य विषयगत तथा वहुउद्देश्यीय केन्द्रीय संघ, राष्ट्रिय सहकारी बैंक, प्रदेश सहकारी संघ, विषयगत तथा वहुउद्देश्यीय प्रदेश सहकारी

---

✡ मिति २०६२/०८/०३ मा संशोधनद्वारा हटाइएको

⌘ मिति २०६२/०८/०३ मा संशोधित

## मिति २०६६/०५/०८ मा संशोधनद्वारा हटाइएको

⌘ मिति २०६२/०८/०३ मा संशोधित

✿ मिति २०७६/०५/१५ मा संशोधित

✣✣ मिति २०७९/०७/०२ मा संशोधनद्वारा थप

राष्ट्रिय सहकारी महासंघ लि. नेपाल २०५०

संघ, जिल्ला सहकारी संघ र जिल्ला विषयगत तथा वहुउद्देश्यीय संघका प्रतिनिधि कायम रहेका राष्ट्रिय प्रतिनिधिहरू वाहेक अन्य प्रतिनिधिहरूको मतदान गर्ने अधिकार रहने छैन्। ✿

३. साधारण सभाको सचिवको काम महाप्रवन्धक वा नीजको कार्यभार लिने व्यक्तिले गर्नेछन्। ⌘

**१९. साधारण सभाका वैठक :**

(क) महासंघको प्रारम्भिक साधारण सभा भएको एक वर्ष भित्र र त्यसपछि प्रत्येक आर्थिक वर्ष पूरा भएको ६ महिनाभित्र साधारण सभा वोलाइने छ। ✿

(ख) खण्ड (क) वमोजिम महासंघको साधारण सभा वोलाइएको छैन भनी महासंघको कुनै सदस्यले रजिष्ट्रार समक्ष दरखास्त दिएमा रजिष्ट्रारले वा निजवाट अधिकार प्राप्त अधिकारीले साधारण सभा वोलाउन सक्नेछ। यसरी दरखास्त नपरेमा पनि खण्ड (क) मा लेखिएको म्याद गुज्रेको मितिले तीन महिना भित्र रजिष्ट्रारले त्यस्तो सभा वोलाउन सक्ने छ। ✿

(ग) खण्ड (क) वा (ख) वमोजिम साधारण सभा वोलाउदा ३० दिन अगावै सूचना पठाउनु पर्नेछ।

(घ) साधारण सभामा तत्काल कायम रहेको सदस्य संख्याको कम्तीमा एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा सभा सन्चालन गर्न गणपुरक संख्या पुगेको मानिने छ। ✿

(ङ) खण्ड (क) वा (ख) वमोजिम पहिलो पटक साधारण सभा वोलाउदा गणपुरक संख्या नपुगी दोस्रो पटक वोलाइएकोमा संचालक समितिको वहुमत सहित कूल सदस्य संख्याको एक तिहाई साधारण सदस्य उपस्थित भएमा सभा सन्चालनको लागि गणपुरक संख्या पुगेको मानिने छ। त्यस्तो सभा पहिलो सभाका मितिले ७ दिन भित्र वोलाइनेछ। ✿

(च) साधारण सभाको सभापतित्व समितिको अध्यक्षले, निजको अनुपस्थितिमा वरिष्ठतमका आधारमा वरिष्ठ पदाधिकारीहरूले र निजहरूको अनुपस्थितिमा उपस्थित प्रतिनिधिहरूले आफु मध्येवाट छानेको सदस्यले गर्ने छन्। ✿

(छ) साधारण सभामा पेश भएका प्रस्तावहरू सभामा उपस्थित सदस्यहरूले एक प्रतिनिधि एक मतको आधारमा दिएको मतको वहुमतवाट पारित हुनेछ र मत वरावर भएमा सभापतित्व गर्ने व्यक्तिले निर्णयक मत मात्र दिनेछ। तर यस्तो मत प्रतिनिधि आफै उपस्थित भई दिनु पर्नेछ। समयभित्र आफूले तिर्नु पर्ने पेश्की र अन्य रकम र वांकी वक्यौता फछ्यौंट नगर्ने कुनै पनि संचालक लगायत कुनै पनि प्रतिनिधिले साधारणसभामा भाग लिन पाउने छैन। ⌘

**२०. विशेष साधारण सभा :**

१. महासंघको विशेष सधारण सभा १५ दिनको अग्रिम सूचना दिई देहायका अवस्थामा समितिले वोलाउन सक्ने छ। ✿

(क) विनियम २८ खण्ड (ख) को ६ वमोजिम लेखा सुपरिवेक्षण समितिको सिफारिसमा,✣

(ख) विशेष उद्देश्यले गठन गरिएको उपसमितिले कारण समेत खोली समिति समक्ष सुझाव पेश गरेमा वा,

(ग) कुनै संन्चालकले कारण खोली विशेष साधारण सभा वोलाउने माग गरेको प्रस्ताव समितिद्वारा पारित भएमा वा

(घ) महासंघको कूल सदस्य संख्याको १५ प्रतिशत सदस्यले ठोस कारण देखाई समिति समक्ष निवेदन दिएमा, ✣

(ङ) विनियम १९ खण्ड (छ) वमोजिमका कुनै पनि संचालक वा प्रतिनिधिले विशेष साधारणसभामा भाग लिन पाउने छैन। ✿

२. विशेष साधारण सभाको गणपुरक संख्या कुल सदस्यको ५१ प्रतिशत हुनेछ। यसरी संन्चालन हुने सभाले विनियम अन्तर्गत साधारण सभाले गर्ने कार्य गर्न सक्नेछ। ✿

---

✿ मिति २०७६/०५/१५ मा संशोधित

⌘ मिति २०६२/०८/०३ मा संशोधित

✣ मिति २०७९/०७/०२ मा संशोधित

राष्ट्रिय सहकारी महासंघ लि. नेपाल 2050

३. विशेष साधारण सभाको सभापतित्व समितिको अध्यक्षले, निजको अनुपस्थितिमा वरिष्ठतमका आधारमा वरिष्ठ पदाधिकारीहरूले र निजहरूको अनुपस्थितिमा उपस्थित प्रतिनिधिहरूले आफु मध्येवाट छानेको सदस्यले गर्ने छन्। तर निजलाई त्यस्तो सभामा निर्णायक मत मात्र दिन अधिकार हुने छ। ✿

**२१. साधारण सभाका कार्यहरू :**

१. साधारण सभाका कार्यहरू देहाय वमोजिम हुनेछन ।

(क) संचालक तथा लेखा सुपरिवेक्षण समितिको निर्वाचन तथा विघटन गर्ने, ✿

(क१) संचालक वा लेखा सुपरिवेक्षण समितिको संयोजक वा सदस्यलाई पदबाट हटाउने, ✿

(ख) वार्षिक कार्यक्रम तथा वजेट स्वीकृत गर्ने, ✿

(ख१) वार्षिक लेखा परिक्षण प्रतिवेदन अनुमोदन गर्ने, ✿✿

(ग) ✿✿✿

(घ) महासंघले दिन सक्ने अधिकतम ऋण वा धरौटीको सीमा तोक्ने। ✿

(ङ) लेखा परिक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने, समिति वा लेखा सुपरिवेक्षण समितिको वार्षिक प्रतिवेदन पारित गर्ने,

(च) विनियम शंसोधन तथा आर्थिक तथा कर्मचारी प्रशासन कार्यविधि पारित गर्ने,

(छ) ✿✿✿

(ज) रजिष्ट्रार वा निजवाट अधिकार प्राप्त अधिकारीले महासंघमा गरेको निरीक्षण प्रतिवेदन र सोधपूछको प्रतिवेदन उपर छलफल गर्ने।

(झ) अध्यक्षको राजीनामा स्वीकृत गर्ने। ❋

(ञ) साधारण सभाको सभापतिले पेश गर्ने प्रस्ताव उपर छलफल गर्ने, निर्देशन दिने र पारित गर्ने। ❋

(ट) ##

(ठ) लेखा सुपरिवेक्षण समितिले दिएको प्रतिवेदन उपर छलफल गर्ने, निर्देशन दिने र पारित गर्ने। ⌘

(ड) सदस्यको दायित्व मिनाहा गर्ने, ✿✿

(ढ) समितिलाई आवश्यक निर्देशन दिने, ✿✿

२. साधारण सभाका निर्णयहरूको अभिलेख अध्यक्ष र साधारण सभाले तोकेको तीनजना साधारण सभाका सदस्यद्वारा प्रमाणित गराई सुरक्षित राख्नुपर्छ। ✿

**२२. सञ्चालक समितिको गठन :**

१. महासंघको २५ सदस्यीय संचालक समिति हुनेछ। सो समितिको गठन प्रकृया निम्नानुसार हुनेछ। ✣

(क) साधारण सभाका सम्पूर्ण सदस्यहरूवाट निर्वाचित अध्यक्ष ✿ -१

---

⌘ मिति २०६२/०८/०३ मा संशोधित

## मिति २०६६/०५/०८ मा संशोधनद्वारा हटाइएको

❋ मिति २०७०/०१/०४ मा संशोधित

✿ मिति २०७६/०५/१५ मा संशोधित

✿✿ मिति २०७६/०५/१५ मा संशोधनद्वारा थप

✿✿✿ मिति २०७६/०५/१५ को संशोधनद्वारा हटाइएको

✣ मिति २०७९/०७/०२ मा संशोधित

(क१) निवर्तमान अध्यक्ष पदेन संचालक ❁ -१

(क१.१) साधारण सभाका सम्पूर्ण सदस्यहरूबाट निर्वाचित वरिष्ठ उपाध्यक्ष ❁❁ -१

(क२) साधारण सभाका सम्पूर्ण सदस्यहरूबाट एक महिला सहित निर्वाचित उपाध्यक्षहरू ✣ -३

(ख) माथि क१ क्रममा राखिएको ❁

(ग) साधारण सभाका सदस्यहरूमध्ये प्रत्येक प्रदेशबाट १ जनाले प्रतिनिधित्व गर्ने गरी सम्पूर्ण प्रतिनिधिहरूवाट निर्वाचित सदस्य ❁ -७

(ग१) सम्पूर्ण सदस्यहरूमध्येबाट निर्वाचित ❁ -९

(घ) विषयगत तथा वहुउद्देश्यीय केन्द्रीय संघ/राष्ट्रिय सहकारी बैंकका प्रतिनिधिहरूमध्येबाट निर्वाचित सदस्य ❁ -३

(ङ) ❁❁❁

(च) संचालक समितिमा कम्तीमा ३३ प्रतिशत महिला सदस्यको सुनिश्चित गरिनेछ । ✣

(छ) ##

१ #

२. महासंघको संचालक समितिको सचिव महाप्रवन्धक वा सो कार्यभार सम्हालेको व्यक्तिले गर्नेछ ।⌘

३. समितिका अध्यक्ष, पदाधिकारी तथा सदस्यहरुको पदावधि ४ वर्षको हुनेछ र अध्यक्ष लगायत कुनै पनि पदमा एउटै व्यक्ति लगातार दुई कार्यकाल पुरा भएपछि सोही पदमा उम्मेदवार वन्न पाउने छैनन् । ✣

४. एकै अवधिमा एउटा सदस्य संघबाट एक जनाभन्दा बढी प्रतिनिधि संचालक तथा लेखा सुपरिवेक्षण समिति सदस्यमा निर्वाचन हुन सक्ने छैनन् । ❖

५. महासंघको संचालक तथा लेखा सुपरिवेक्षण समिति सदस्य तथा पदाधिकारीमा मनोनयन गर्न सदस्य संघहरूमा संचालक तथा लेखा समितिमा एक कार्यकाल पूरा भएको हुनुपर्छ । ❁❁

६. संचालक समितिमा मनोनयन गर्ने राष्ट्रिय प्रतिनिधिहरूले आफू स्थायी रूपमा बसोवास गर्दै आएको सम्बन्धित जिल्ला, प्रदेश वा केन्द्रीय संघहरूबाट प्रतिनिधित्व गर्नुपर्नेछ । ❁❁

७. विनियम २२ उपविनियम (घ) मा जुनसुकै कुरा लेखिएको भएतापनि विषयगत तथा बहुउद्देश्यीय केन्द्रीय संघ/राष्ट्रिय सहकारी बैंकका अध्यक्ष वा प्रतिनिधिहरू पदाधिकारीमा निर्वाचित कुन कुनै वाधा पर्ने छैन । ❁❁

८. संचालक तथा लेखा सुपरिवेक्षण समितिको वरियता कार्यविधिमा तोकेवमोजिम हुनेछ । ✣✣

**२३. संञ्चालकको पदमा नियुक्ति हुन नसक्ने अवस्था :**

१. देहायका अवस्थामा कुनै व्यक्ति संञ्चालक पदमा निर्वाचित वा नियुक्त हुन सक्ने छैन ।

---

# मिति २०५६/०७/१६ मा संशोधनद्वारा हटाइएको

⌘ मिति २०६२/०८/०३ मा संशोधित

❖ मिति २०६६/०५/०८ मा संशोधित

## मिति २०६६/०५/०८ मा संशोधनद्वारा हटाइएको

❋ मिति २०७०/०१/०४ मा संशोधित

❁ मिति २०७६/०५/१५ मा संशोधित

❁❁ मिति २०७६/०५/१५ मा संशोधनद्वारा थप

❁❁❁ मिति २०७६/०५/१५ को संशोधनद्वारा हटाइएको

✣ मिति २०७९/०७/०२ मा संशोधित

✣✣ मिति २०७९/०७/०२ मा संशोधनद्वारा थप

(क) मगज विग्रेको वा वौलाएको
(ख) साहूको ऋण तिर्न नसकि वाँकी लागी दामासाहिमा परेको ।
(ग) महासंघको कुनै ठेक्का पट्टा वा कारोवारमा कुनै प्रकारको निजी स्वार्थ भएको । ✿
(घ) कुनै पनि सहकारी संघ/संस्था तथा महासंघको सम्पति हिनामिना गरेको वा तिर्न वाकी रकम समयमा नतिरी भाखा नघाएको । ✿
(ङ) २५ वर्ष उमेर नपुगेको
(च) नैतिक पतन हुने फौजदारी अभियोग लागि सजाय पाएको । **

**२४. संञ्चालकको पदमा वहाल रहन नसक्ने अवस्था :**

देहायका अवस्थामा कुनै व्यक्ति संञ्चालकको पदमा रहन सक्ने छैन,

१. विनियम २३ मा लेखिए वमोजिम संञ्चालकको पदमा निर्वाचित वा नियुक्ति हुन नसक्ने अवस्था भएमा,
२. उचित कारण खोली समितिलाई लिखित रूपमा जनाउ नदिई लगातार तिन पटक सम्म समितिको वैठकमा अनुपस्थित रहेमा,
३. ✿✿✿
४. आफ्नो पदवाट दिएको राजीनामा स्वीकृत भएमा,
५. महासंघको साधारण सभामा वहुमतले अविश्वास प्रस्ताव पारित भएमा, ✿
६. जानाजानी महासंघको हित तथा ख्यातीमा प्रतिकुल प्रभाव पर्ने कुनै काम गरेमा, गरेको प्रमाण भएमा वा महासंघलाई हानि पुग्ने गरी कुनै कार्य गरेको प्रमाणित भएमा, ✿
७. महासंघको सदस्यता कायम नरहेमा, ✿
८. प्रतिनिधित्व गरेको संघ/संस्थाको दर्ता खारेज भएमा वा विघटन भएमा । **
९. अदालतद्वारा फौजदारी अभियोग लागेको प्रमाणित भएमा ✿✿
१०. कालो सूचीमा परेमा ✿✿

**२५. संञ्चालक समितिको काम कर्तव्य र अधिकार :**

१. ऐन नियम र विनियममा लेखिएको कुराहरू र साधारण सभाद्धारा समय समयमा गरिएका निर्णयहरूको अधिनमा रहि महासंघको सम्पूर्ण काम, कारोवारको प्रवन्ध, अधिकारहरूको प्रयोग र कर्तव्यको पालना गर्ने । ✿
२. संचालक समितिले महासंघको काम कार्यवाहि चलाउन प्रमुख कार्यकारीको रूपमा महाप्रवन्धक तथा अन्य कर्मचारीहरू नियुक्त गर्न सक्ने छ । ✿
३. महासंघका कर्मचारीहरूको सेवा शर्त, नियुक्ति, सरूवा, पदोन्नति, निलम्वन, वर्खास्ती, सेवा सुविधा तथा सजाय सम्वन्धी कर्मचारी तथा आर्थिक प्रशासन कार्यविधि वनाउने र आवश्यकता अनुसार संशोधन गर्ने र स्वीकृतिका लागि साधारण सभामा पेश गर्ने । ✿
४. संचालक समितिको पदाधिकारी तथा संचालक सदस्यहरूको राजीनामा स्वीकृत गर्ने । राजीनामा स्वीकृत भई रिक्त रहेको पदमा वांकी अवधिको लागि विनियममा व्यवस्था भए वमोजिम निर्वाचनद्वारा पदपूर्ति गर्ने । ✿

---

** मिति २०५८/०५/०१ मा संशोधनद्वारा थप
✿ मिति २०७६/०५/१५ मा संशोधित
✿✿ मिति २०७६/०५/१५ मा संशोधनद्वारा थप
✿✿✿ मिति २०७६/०५/१५ को संशोधनद्वारा हटाइएको

**पेज नं. १२ देखि २२ सम्म**

५. साधारण सभामा महासंघको बार्षिक कार्यक्रम तथा आम्दानी खर्च विवरण तयार गरी अनुमोदनको लागि पेश गर्ने । ✿

६. बार्षिक कार्यक्रम तथा वजेट साधारण सभावाट स्वीकृत गराई कार्यान्वयन गर्ने र आवश्यक नीति निर्धारण र कार्यान्वयन पक्षको अनुगमन तथा मूल्यांकन गर्ने ।

७. वार्षिक हिसाब जाँच तथा लेखा परिक्षणको प्रतिवेदन तयार गरी स्वीकृतीको लागि साधारण सभामा पेश गर्ने । ✿

७.१. महासंघलाई आवश्यकता परे अनुसार स्वदेश तथा विदेशमा विभिन्न स्तरका कार्यालय तथा सम्पर्क कार्यालयहरू स्थापना गर्न सहकारी संघ/संस्थाको कारोवार र व्यवसायको हित प्रवर्द्धनका लागि आवश्यक कार्य गर्ने, गराउने । ✿

८. अन्तर्राष्ट्रिय सहकारी महासंघ लगायत अन्य निकायहरूको सदस्यता प्राप्त तथा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा महासंघको प्रतिनिधित्व गर्ने गरी प्रतिनिधि तोक्ने ।

९. महासंघको कोषको सुरक्षा गर्ने तथा आर्थिक कारोवारमाथि नियन्त्रण गर्ने तथा सोको व्यवस्था मिलाउने । ✿

१०. विनिमयमा व्यवस्था भए बमोजिमको प्रकृया अपनाई साधारण सभा बोलाउने ।

११. साधारण सभाबाट भएका निर्णयहरूको कार्यान्वयन गर्ने ।

१२. महासंघको चल, अचल सम्पत्ति खरीद, विक्री गर्ने वा प्राप्त गर्ने र हस्तान्तरण गर्ने । ✿

१३. महासंघको कार्यहरु सुचारू रुपले सञ्चालन गर्न पदाधिकारी, तथा उपसमितिहरुको गठन गरी काम, कर्तव्य, अधिकार कार्यविधि वनाई तोक्ने एवं आवधिक मूल्यांकन गर्ने, साथै सल्लाहकारहरूको मनोनयन र आवश्यकतानुसार वैठक वोलाउने । ✣

१४. महासंघको कार्य सञ्चालन गर्न र अन्य विशेष काम गर्न कुनै सञ्चालक तथा विनियम २५ (१३) बमोजिम गठन हुने समिति वा उपसमितिको कुनै पदाधिकारी वा कुनै वरिष्ठ कर्मचारीलाई अधिकार प्रत्यायोजन गर्ने । ✿

१५. लेखा सुपरिवेक्षण समितिले दिएका सुझावहरु कार्यान्वयन गर्ने गराउने । ✣✣

१६. महासंघको तर्फबाट राष्ट्रिय वा अन्तरराष्ट्रिय स्तरमा कुनै पनि व्यक्ति, संस्था वा निकायसँग आधिकारिक रूपमा सम्झौता गर्ने । ✿

१७. सहकारीका मूल्य, मान्यता र सिद्धान्त वमोजिम महासंघको संचालन गर्ने । ✿

## २६. सञ्चालक समितिको बैठक

१. समितिको बैठक एक वर्षमा कम्तिमा छ पटक वस्नेछ । तर दुई वैठक वीचको अवधि तीन महिनाभन्दा वढी हुने छैन् । समितिको वैठक भौतिक तथा अभौतिक (भर्चुअल) दुवै रुपमा वस्न सक्नेछ । ✣

२. समितिको बैठकमा सञ्चालकहरूको जम्मा संख्याको कम्तिमा ५१ प्रतिशत सञ्चालकहरू उपस्थित भएमा बैठक सञ्चालनको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

३. समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णयक मत मात्र दिनेछ ।

४. समितिको बैठकमा उपस्थित सञ्चालकहरू छलफल भएको विषय र तत्सम्बन्धमा भएको निर्णयको विवरण छुट्टै किताब (माइन्यूट बुक) मा लेखी सुरक्षापूर्वक राखिनेछ ।

---

✿ मिति २०७६/०५/१५ मा संशोधित

✣ मिति २०७९/०७/०२ मा संशोधित

✣✣ मिति २०७९/०७/०२ मा संशोधनद्वारा थप

राष्ट्रिय सहकारी महासंघ लि. नेपाल २०५०

५. समितिको वैठकको अध्यक्षता अध्यक्षले, अध्यक्षको अनुपस्थितिमा वरिष्ठतमको हिसावले पदाधिकारीहरुवाट र निजहरु पनि अनुपस्थित भएमा उपस्थित सदस्यमध्ये जेष्ठ सदस्यबाट अध्यक्षता गर्ने ।

६. महासंघलाई तिर्नुपर्ने पेश्की रकम अन्य वांकी वक्यौदा तोकिएको समयभित्र फछ्यौट नगर्ने कुनै पनि संचालकले समितिको वैठकमा भाग लिन पाउने छैन । ✿

**२७. अध्यक्षको काम, कर्तव्य र अधिकार**

१. समितिको बैठक तथा साधारण सभाहरूको बैठकमा अध्यक्षता गर्ने ।
२. विनियम र समितिका निर्णयहरूको अधीनमा रही महासंघका कार्यहरू गर्ने वा गराउने । ✿
३. विनियमको अधीनमा रही कर्मचारीहरूमाथि रेखदेख र सुपरिवेक्षण गर्ने ।
४. महासंघको उद्देश्य प्राप्तिका लागि गर्नुपर्ने कार्यहरू गर्ने सम्बन्धमा विनियमका अधीनमा रही जरूरी विषयहरूमा समितिको तर्फबाट तत्काल निर्णय दिन सक्नेछ तर यसरी दिएको निर्णय समितिको त्यसपछि लगत्तै बस्ने बैठकबाट अनुमोदन गराउनु पर्नेछ । ✿
५. ✿✿✿
६. ✤✤✤
७. ✤✤✤
८. ✤✤✤
९. समितिको निर्णय अनुसार वा समितिले तोकिदिएको कुराहरूमा महासंघको तर्फबाट सम्झौतापत्र तथा कागजातहरूमा सही गर्ने । ✿
१०. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका विभिन्न संघ/संस्थामा समितिले अन्यथा निर्णय गरेमा बाहेक अध्यक्षले प्रतिनिधित्व गर्ने ।
११. माथि तोकिएका अधिकारहरू पदाधिकारीहरू वा अन्य संचालकलाई प्रत्यायोजन गर्न सक्ने । ✿
१२. महासंघको विकास विस्तार र सुदृढीकरणका लागि प्रयत्नशील रहने । ✿

**२७ क. वरिष्ठ उपाध्यक्षको काम, कर्तव्य र अधिकार ✿**

१. अध्यक्षको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्ने ।
२. महासंघको विकास विस्तारमा प्रयत्नशील रहने ।
३. अध्यक्षद्वारा प्रत्यायोजित अधिकारहरू प्रयोग गर्ने ।
४. संचालक समितिले निर्दिष्ट गरेका कामहरू गर्ने ।

**२७ ख. उपाध्यक्षको काम, कर्तव्य र अधिकार ✿✿**

१. अध्यक्ष तथा वरिष्ठ उपाध्यक्षको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्ने ।
२. महासंघको विकास विस्तारमा प्रयत्नशील रहने ।
३. अध्यक्षद्वारा प्रत्यायोजित अधिकारहरू प्रयोग गर्ने ।
४. संचालक समितिले निर्दिष्ट गरेका कामहरू गर्ने

---

✿ मिति २०७६/०५/१५ मा संशोधित
✿✿ मिति २०७६/०५/१५ मा संशोधनद्वारा थप
✿✿✿ मिति २०७६/०५/१५ को संशोधनद्वारा हटाइएको
✤✤✤ मिति २०७९/०७/०२ मा संशोधनद्वारा हटाइएको

**पेज नं. १४ देखि २२ सम्म**

## २८. विभिन्न समिति तथा उप-समितिहरूको गठन र कार्यविधि

१. महासंघको कार्यसम्पादनलाई सरल र प्रभावकारी तुल्याउन अध्यक्ष, वरिष्ठ उपाध्यक्ष र उपाध्यक्षहरु भएको ५ जनाको पदाधिकारीको सचिवलाय हुनेछ । यसै गरी सञ्चालक समितिले संयोजक समेत वढीमा १५ जनासम्म सदस्यहरु भएको प्रत्येक प्रदेशका लागि प्रदेश समन्वय उपसमिति गठन गर्न सक्नेछ र लैंगिक समानता उपसमिति, युवा समन्वय उपसमिति तथा आवश्यकतानुसार अन्य कुनै उपसमिति वा कार्यदल र विषय सम्वद्ध उपसमितिहरु बढीमा ५ जनासम्मको गठन गर्न सक्नेछ । त्यस्ता समिति तथा उपसमितिका संयोजक लगायत सदस्यहरु मनोनित गर्दा संचालक, राष्ट्रिय प्रतिनिधि (सहयोगी सदस्यबाट समेत) र सरोकारवाला निकायका प्रतिनिधिहरुवाट गर्नुपर्नेछ ।

२. सञ्चालक समितिले समिति उप-समितिहरू गठन गर्दा सो समिति तथा उप-समितिले गर्नुपर्ने काम, सो कामको लागि चाहिने समय र सुविधा स्पष्ट किटान गर्नु पर्नेछ । ✥

३. खास कामको लागि गठित उप-समितिहरुले निर्धारित समयमा काम सम्पन्न गरी प्रतिवेदन तयार गरी समिति समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ । ✿

४. उपविनियम १ वमोजिम गठित उपसमितिहरुको वैठक कम्तीमा वर्षको २ पटक वस्नुपर्नेछ र उपसमितिहरुले तोकिएको कार्यविवरण अनुसार कार्यसम्पादन प्रतिवेदन समितिको बैठकमा पेश गर्नुपर्नेछ ।

## २८(क) लेखा सुपरिवेक्षण समिति

१. लेखा सुपरिवेक्षण समिति संयोजक समेत कम्तीमा एक महिला सहित ३ जना सदस्य रहेको एक लेखा सुपरिवेक्षण समिति गठन गरिनेछ । यस समितिको पदाधिकारीहरूको पदावधीं संचालक समितिको पदावधी सरह ४ वर्षको हुनेछ । ✿

## २८(ख) लेखा सुपरिवेक्षण समितिको काम, कर्तव्य र अधिकार ✿✿

१. महासंघको आन्तरिक लेखा परिक्षण गरी समितिलाई सुझाव दिने,

२. महासंघको आर्थिक तथा प्रशासनिक काम कार्यवाही नियमानुसार भएनभएको जाच गरी सुझाव दिने,

३. महासंघको काम कार्यवाही सहकारी ऐन, नियमावली, सिद्धान्त, विनियम अनुसार भएनभएको अध्ययन गरी सुझाव दिने,

४. लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन वार्षिक साधारण सभा समक्ष पेश गर्ने,

५. आन्तरिक लेखा परिक्षक नियुक्तका लागि समितिमा सिफारिस गर्ने ।

६. पटक पटक दिएका सुझाव कार्यान्वयन नभएको कारणबाट महासंघको हितमा प्रतिकुल असर परेमा वा महासंघ गम्भीर आर्थिक संकटमा पर्न लागेकोमा सो को कारण खुलाई विशेष साधारण सभा वोलाउन समिति समक्ष सिफारिस गर्ने ।✥✥

## २९. ✿✿✿

---

✿ मिति २०७६/०५/१५ मा संशोधित

✿✿ मिति २०७६/०५/१५ मा संशोधनद्वारा थप

✿✿✿ मिति २०७६/०५/१५ को संशोधनद्वारा हटाइएको

✥ मिति २०७९/०७/०२ मा संशोधित

✥✥ मिति २०७९/०७/०२ मा संशोधनद्वारा थप

२९. क. **महाप्रबन्धकको काम, कर्तव्य र अधिकार :**

१. महाप्रवन्धक महासंघको मुख्य कार्यकारी अधिकृत हुनेछ र निजले संचालक समितिले निर्दिष्ट गरेका कार्यहरू सम्पादन गर्ने गराउनेछ । ❁

२. अध्यक्षबाट प्रत्यायोजित कार्यहरू ❁

३. ❁❁❁

४. संचालक समिति वा अध्यक्षको स्वीकृतिमा संचालक समितिको बैठक बोलाउने र वैठकको निर्णयहरूको रेकर्ड राख्ने प्रवन्ध मिलाउने तथा कार्यान्वयन गर्ने ।

५. महासंघको तर्फबाट नगद कागजात वा सेक्यूरिटीहरू प्राप्त गर्ने तथा तिनको उचित सुरक्षाको विवरणहरू प्रमाणित गर्ने । ❁

६. महासंघको हर हिसाबको लेखा ठिक र सही तरिकाले राख्ने, राख्न लगाउने र आर्थिक प्रबन्ध मिलाउने । ❁

७. महासंघको आर्थिक कारोवार तथा बैंक खाताहरू संचालन गर्ने तथा वार्षिक कारोवार सम्बन्धि आवश्यक पर्ने विल, भर्पाइ कागजातहरू प्रमाणित गर्ने । ❁

८. बढीमा ६ महिनाका लागि स्वीकृत दरवन्दीमा समितिको निर्णय अनुसार कर्मचारीहरूको अस्थायी नियुक्ती गर्ने ।

९. महासंघको तर्फबाट नीति तथा कार्यक्रमहरू सार्वजनिक गर्न आधिकारिक प्रवक्ताको रूपमा कार्य गर्ने । ❁

१०. विनियममा भएको व्यवस्था तथा साधारण सभा र समितिका निर्णयहरू बमोजिम महासंघको उद्देश्य प्राप्तीका लागि आवश्यक कार्यक्रम तथा व्यवसाय सुचारू रूपले संचालन गर्न आवश्यक हुन आउने अन्य कार्यहरू गर्ने । ❁

११. आफूमा निहित अधिकारहरू आफू मातहतका कर्मचारीहरूमा प्रत्यायोजित गर्न सक्ने । ❁

१२. आन्तरिक र वाह्य मुलुकमा सम्बन्धित पक्षसँग सम्बन्ध कायम गर्ने गराउने । ❁

१३. स्वीकृत नीति वा कार्यक्रम तथा समिति वा साधारण सभावाट भएका अन्य निर्णयहरु कार्यान्वयन गर्ने,✣✣

१४. महासंघको विरूद्ध अदालत वा अन्य निकायमा परेका उजुरी, नालिस वा हकदावीको सम्वन्धमा महासंघको तर्फबाट कानूनी प्रतिरक्षा गर्ने वा मिलापत्र गर्ने तथा महासंघको तर्फबाट कसैको विरूद्ध यस्तो हक दावीको सम्वन्धमा मिलापत्र गर्ने वा परित्याग गर्ने,✣✣

१५. स्वीकृत वजेट तथा कार्यक्रम कार्यान्वित गर्ने र वजेटको परिधिभित्र रही खर्च गर्ने,✣✣

१६. महासंघलाई आत्मनिर्भर वनाउन आवश्यक कार्ययोजना तयार गरी लागु गर्ने गराउने ।✣✣

**३०. बचतको बाँडफाँड**

महासंघको वार्षिक खुद वचत देहाय बमोजिम वाँडफाँड गरिनेछ : ❁

१. आर्जित खुद बचतबाट कम्तिमा २५ प्रतिशत जगेडा कोषमा राखिनेछ जगेडा कोषको संचालन साधारण सभाबाट निर्णय भए बमोजिम हुनेछ । ❁

२. यसरी जगेडा कोष छुट्याई बाँकी रहेको रकमबाट २५ प्रतिशत संरक्षित पूजी फिर्ता कोषमा र ०.५ प्रतिशत सहकारी प्रवर्द्धन कोषमा छुट्टाई बांकी रहेको रकमलाई शत प्रतिशत मानी निम्नानुसारको कोष खडा गरिनेछ । ❁

क) शेयर लाभांश कोष ❁

ख) ❁❁❁

---

❁ मिति २०७६/०५/१५ मा संशोधित

❁❁❁ मिति २०७६/०५/१५ को संशोधनद्वारा हटाइएको

✣✣ मिति २०७९/०७/०२ मा संशोधनद्वारा थप

राष्ट्रिय सहकारी महासंघ लि. नेपाल २०५० 

**पेज नं. १६ देखि २२ सम्म**

ग) कर्मचारी बोनस कोष ❁
घ) सहकारी शिक्षा कोष ❁
ङ) सहकारी विकास कोष ❁
च) घाटापूर्ति कोष ❁
छ) सामुदायिक विकास कोष❁
ज) अन्य जोखिम व्यवस्थापन कोष❁

३. उप-विनियम (२) बमोजिम खडा गरिने विभिन्न कोषहरूमा जम्मा हुने रकमको प्रतिशत न्यूनतम ५ प्रतिशतमा नघट्ने गरी संचालक समितिले तोके बमोजिम हुनेछ । र उक्त कोषको प्रयोग साधारण सभाबाट निर्णय भए बमोजिम हुनेछ ।

**३१. कोषको सुरक्षा :**

महासंघको कोष महाप्रवन्धकको जिम्मा रहनेछ । कोषको रकम मध्ये संचालक समितिको निर्णयवाट स्वीकृत भएको हदसम्म नगदको रूपमा राखी सो भन्दा वढी रकम समितिले तोकेको बैंकमा महासंघको नाममा खाता खोली जम्मा गर्नुपर्नेछ । महासंघको खाता संचालन महाप्रवन्धक तथा तोकिएका कर्मचारीहरूको संयुक्त दस्तखतबाट हुनेछ । ❁

**३२. कोषको उपयोग**

१. विनियममा उल्लेख भए बमोजिम महासंघको स्वीकृत योजना अनुसार कार्यक्रम वा व्यवसाय सञ्चालन गर्न । ❁
२. स्वीकृत योजना अनुसारको कार्य गर्नका लागि आवश्यक स्थिर सम्पत्ति खरीद गर्न ।
३. कुनै संघ/संस्था निकाय वा बैंकको शेयर खरीद गर्न ।
४. ऋण पत्र खरीद गर्न वा ऋण लगानी गर्न ।
५. कुनै बैंकको बचत वा मुद्दती खातामा जम्मा गर्न ।

**३३. महासंघले राख्नुपर्ने वही खाता र किताबहरू : ❁**

१. महासंघको काम कार्यवाही सञ्चालन गर्दा देहाय बमोजिमका वही खाता र किताबहरू राखिने छन् । ❁
क) नियमको अनुसुची-४ बमोजिमको सदस्य दर्ता किताब
ख) प्रारम्भिक साधारण सभा, वार्षिक साधारण सभा, विशेष साधारण सभा, सञ्चालक, कार्यकारिणी समिति तथा अन्य समिति र उप-समितिहरूको छुट्टा छुट्टै कार्यवाही किताब,
ग) नगद वही
घ) महासंघले अरू कुनै व्यक्ति, संस्था वा संघसँग कुनै कारोवार गरेको भए सो कारोवार देखाउने दर्ता किताब,
ङ) शेयर दर्ता किताब
च) जिन्सी किताब
छ) ऋण लेनदेन गरेको किताब
ज) बेरूजु तथा संपरीक्षण खाता
झ) व्यक्तिगत खाता
ञ) आम्दानी खर्च सम्पत्ति र दायित्व सम्बन्धि अलग अलग खाताहरू
ट) समय समयमा समितिले तोकिदिएका अन्य अभिलेख तथा खाताहरू

राष्ट्रिय सहकारी महासंघ लि. नेपाल २०५०

---

❁ मिति २०७६/०५/१५ मा संशोधित

पेज नं. १७ देखि २२ सम्म

२. महासंघको वही खाताहरू साधारण सभामा सदस्य संस्थाहरूको तर्फबाट प्रतिनिधित्व गर्ने जुनसुकै प्रतिनिधिले हेर्न चाहेमा उपलब्ध गराइने छ । तर बचत खाता सम्बन्धित सदस्य संघका प्रतिनिधिले मात्र हेर्न पाउनेछ ।

## ३४. वार्षिक हिसाब जाँच

१. महासंघको प्रत्येक आर्थिक वर्षको हिसाब जाँच सो आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र दर्तावाल "क" श्रेणीको लेखा परीक्षकबाट गराइनेछ । ✿

२. लेखा परीक्षक नियुक्ति गर्दा एउटै व्यक्ति वा कम्पनीलाई लगातार ३ पटकभन्दा बढी नियुक्ति गरिने छैन ।

३. स्वीकृत हिसाब जाँचको प्रतिवेदन अनुमोदनको लागि साधारण सभामा पेश गरिनेछ । साधारण सभाले अनुमोदन नगरेमा अर्को लेखा परीक्षक नियुक्ति गरी जाँचबुझ वा पून: हिसाब जाँच गराइनेछ ।

४. लेखा परिक्षकबाट हिसाव जाँच गराइसकेपछि तोकिएको ढाचामा एक प्रति रजिष्ट्रारलाई उपलब्ध गराइनेछ । ✿

## ३५. निर्वाचन

१. विनियममा उल्लेख भएका निर्वाचन गराउनुपर्ने कुनै पदको निर्वाचन गराउदा समितिद्धारा निर्धारित निर्वाचन निर्देशिका वमोजिम हुनेछ । तर समितिले निर्वाचन निर्देशिका वनाउदा सहकारी ऐन, नियमावली तथा विनियम वमोजिम वनाउनुपर्नेछ । ✣

२. ***

३. समितिले आफ्नो कार्यावधि समाप्त हुनु अगावै नयाँ समितिको निर्वाचन गराउनु पर्नेछ ।

४. उप-विनियम (३) बमोजिम समयभित्र समितिले निर्वाचन नगराएमा कुनै पनि सदस्यले सोको लागि रजिष्ट्रारलाई जानकारी गराउन सक्नेछ । यस्तो जानकारी प्राप्त भएमा वा नभएमा पनि समितिको कार्यावधि समाप्त भएको मितिले ६ महिना भित्र रजिष्ट्रार वा निजले तोकेको अधिकारीले समितिको निर्वाचन गराउन सक्नेछ ।

५. समितिले निम्न प्रक्रियाद्वारा महासंघका पदाधिकारी तथा अन्य सञ्चालकहरूको निर्वाचन गराउनेछ : ✿

क) विनियम २२(१) को खण्ड (क) बमोजिम अध्यक्षको निर्वाचन गराईनेछ । ✿

क१) विनियम २२(१) को खण्ड (क१) बमोजिम वरिष्ठ उपाध्यक्षको निर्वाचन गराईनेछ । ✿

क२) विनियम २२(१) को खण्ड (क२) वमोजिम ३ जना उपाध्यक्षको निर्वाचन गराईनेछ ।✣

ख) विनियम २२(१) को खण्ड (ग) बमोजिम ७ जना संचालकहरूको निर्वाचन हुनेछ । ✿

ख१) विनियम २२(१) को खण्ड (ग१) बमोजिम ९ जना संचालकहरूको निर्वाचन हुनेछ । ✿

ख२) विनियम २२(१) को खण्ड (घ) बमोजिम ३ जना संचालकहरूको निर्वाचन हुनेछ । ✿

ग) लेखा सुपरिवेक्षण समितिको संयोजक समेत एक महिला सहित ३ जना सदस्यको निर्वाचन साधारण सभाका सम्पूर्ण प्रतिनिधिहरुबाट हुनेछ । ✣

घ) केन्द्रीय संघ तथा राष्ट्रिय सहकारी बैंकका प्रतिनिधिहरूले क्षेत्रगत तथा खुल्ला रूपमा हुने संचालक सदस्यको पदमा वाहेक अन्यमा उम्मेदवारी दिन पाउने छन् । ❅

ङ) सबै प्रतिनिधिले सबै पदका उम्मेदवारहरूलाई मत दिन पाउनेछ । ❑

---

*** मिति २०५८/०५/०१ मा संशोधनद्वारा हटाइएका

❑ मिति २०६६/०५/०८ मा संशोधनद्वारा थप

❅ मिति २०७०/०१/०४ मा संशोधित

✿ मिति २०७६/०५/१५ मा संशोधित

✣ मिति २०७९/०७/०२ मा संशोधित

राष्ट्रिय सहकारी महासंघ लि. नेपाल २०५०

पेज नं. १८ देखि २२ सम्म

**३६. विनियम संशोधन**

१. विनियममा लेखिएका कुनै कुरामा संशोधन गर्नु पर्ने भएमा साधारण सभाको कुल सदस्यहरूमध्ये वहुमतबाट विनियम संशोधन प्रस्ताव साधारण सभाले पारित गरी संशोधन गर्न सक्नेछ । ✿

२. साधारण सभाबाट संशोधन प्रस्ताव पारित भएपछि संशोधित विनियम रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीबाट स्वीकृति भएपछि लागु हुनेछ । ✿

**३७. विघटन**

ऐनको दफा ८८ मा भएको व्यवस्था अनुसार मात्र महासंघको विघटन हुन सक्नेछ । ✿

**३८. प्रतिक चिन्ह र झण्डा**

क) महासंघको काम कार्वाहीको लागि अनुसुची २ बमोजिमको एउटा छुट्टै प्रतिक चिन्ह अंकित छाप हुनेछ । उक्त छाप समितिले तोकेको कुनै कर्मचारीको जिम्मामा रहनेछ । ✿

ख) अन्तर्राष्ट्रिय सहकारी महासंघको झण्डा नै राष्ट्रिय सहकारी महासंघको झण्डा रहनेछ । ✿

**३९. विविध :**

क) विनियममा व्यवस्था नभएका कुराहरूको सम्बन्धमा ऐन र नियम अनुसार हुनेछ ।

ख) ऐन, नियम र विनियमसँग प्रतिकूल नहुने गरी सञ्चालक समितिले महासंघको कारोवार व्यवस्थित गर्न आन्तरिक कार्यविधिहरू बनाउन सक्नेछ र त्यस्ता कार्यविधिहरू समय समयमा संशोधन हुन सक्नेछ । ✿

ग) कुनै सञ्चालक वा साधारण सभाको प्रतिनिधिको निर्वाचन वा नियुक्तिका सम्बन्धमा ऐन, नियम र विनियम अन्तर्गतको कुनै व्यवस्थाको पालना भएको छैन भन्ने कुरा पछि ठहरिन गएमा त्यसरी ठहरिनुभन्दा अगावै त्यस्तो समिति, उप-समिति वा साधारण सभाले गरेको काम कार्यवाही सो कुराले मात्र बदर हुनेछ ।

घ. महासंघको विनियम र सदस्य संघहरूको विनियमका बीच कुनै विवाद उठेमा महासंघको विनियम बमोजिम नै हुनेछ । ✿

राष्ट्रिय सहकारी महासंघ लि. नेपाल २०५०

---

✿ मिति २०७६/०५/१५ मा संशोधित

## अनुसूची १ ❁

राष्ट्रिय सहकारी महासंघ लि.

( विनियम १४ संग सम्वन्धित )

प्र.प.नं. :

सदस्यता नं :

**शेयर प्रमाण - पत्र**

१. संघको नाम :

२. ठेगाना :

३. शेयर कित्ता नं. ............... देखि ............ सम्म

४. जम्मा खरीद गरेको शेयर संख्या :

५. प्रति शेयर मूल्य :

६. जम्मा शेयर वापत प्राप्त रकम रू.

७. शेयर खरीद मिति :

........................ ( महाप्रबन्धक ) ........................ ( अध्यक्ष )

प्रमाण - पत्र वुझिलिनेको सही :

मिति :

प्र.प.नं. :

सदस्यता नं. :

**शेयर प्रमाण - पत्र**

यस महासंघको विनियम ६ वमोजिम .............. जिल्ला ................................ पालिका ........ वार्ड नं स्थित श्री ................................................ ले यस महासंघको कित्ता नं.........देखि ............... कित्ता नं....................सम्मको प्रति कित्ता रू ................. ....................का दरले शेयर कित्ता..................... खरीद गर्नु भएकाले विनियम २०५० (संसोधन सहित) अनुसार सधन्यवाद यो प्रमाण - पत्र दिइएको छ ।

.......................... ( महाप्रबन्धक ) .................... ( अध्यक्ष )

मिति :

महासंघको छाप :

## अनुसूची - २ ❁

विनियम ३८ क सँग सम्बन्धित राष्ट्रिय सहकारी महासंघ लि. नेपालको निम्नानुसारको प्रतीक चिन्हहरू भएको नेपाली तथा अंग्रेजी छाप हुनेछ ।

राष्ट्रिय सहकारी महासंघ लि. नेपाल
२०५०

National Cooperative Federation of Nepal
NCF
1993

❁ मिति २०७६/०५/१५ मा संशोधित